# दिगो विकास क्लव र बाल विकास (समूह नं. ८)

लुभु, प्रतिवेदन

**प्रतिवेदन पेश गरिएको**

जिल्ला विकास समितिको कार्यालय

मानभवन, ललितपुर

**प्रतिविन पेश गर्ने संस्था**

आदिवासी जनजाति महिला युवा संजाल

पुल्चोक, ललितपुर

# लुभुका महिलाहरुलाई लक्षित गरी संचालन गरिएको
# ***दिगो विकास क्लव र वाल विकास*** कार्यक्रमको
# प्रतिवेदन

**परिचय**

आदिवासी जनजाति महिला युवा संजालको आयोजना तथा ललितपुर जिल्ला विकास समितिको आर्थिक सहयोगमा ललितपुर जिल्लाको लुभुका *महिलाहरुलाई लक्षित गरी* ***दिगो विकास क्लव र वाल विकास*** कार्यक्रम सम्म सम्पन्न गरिएको थियो ।

नेपाल विकासौन्मुख राष्ट्र हो । यहाँको शैक्षिक अवस्था सामान्य रुपमा ७० प्रतिशत भन्दा माथि साक्षर देखाएता पनि वास्तविक शैक्षिक अवस्था र गुणस्तर कम रहेको छ । साथै नेपालमा २०७२ वैशाखमा आएको भूकम्पले हालसम्म पनि वालवालिकाहरुमा प्रत्यक्ष तथा अप्रत्यक्ष रुपमा असर पारीरहेको छ । सिप नै आजको आवश्यकता भएको हुनाले र बेरोजगारीहरुलाई सिप सिकाउनु पर्ने र क्षमता विकास गर्नु पर्ने भएको हुनाले यो कार्यक्रम सम्पन्न गरिएको हो । साथै स्थानिय विद्यालयहरुमा क्षमता विकास आवश्यक रहेको हुनाले यो कार्यक्रम स.चालन गरिएको थियो । महिला, युवाहरु आफ्नो भविष्य निर्माण गर्नको लागी केही सिक्नुपर्ने अवस्था भएको समयसमा संक्रमणकालीन अवस्था भएको हुनाले त्यस्ता समुदायहरुलाई केही रुपमा भएता पनि सकारात्मक शिक्षा आर्जनको निमित्त उनीहरुमा वातारण तयार गर्नको लागी तथा आफुलाई आफ्नो क्षमता विकास गरी रोजगारीको अवसर सृजना गर्नको लागी जिल्ला विकास समिति ललितपुरको आयोजनामा तथा आदिवासी जनजाति महिला युवा संजालको आयोजना तथा व्यवस्थापनमा स्थानिय महिलाहरुलाई लक्षित गरी कक्षा संचालन गरि कार्यक्रम प्रतिवेदन तयार गरिएको छ ।

**कार्यक्रमको उद्देश्य**

- लक्षित स्थानिय महिला युवाहरुलाई दिगो विकास क्लव र वालविकास बारेमा शिक्षा दिनु ।
- प्रशिक्षार्थीहरुलाई प्रशिक्षक शिक्षा दिनु ।
- बेरोजगार रहेका युवा महिलाहरुलाई स्वरोजगार स्थापना गर्न क्षमता विकास गर्ने ।

**कार्यक्रम संचालन विधि**

कार्यक्रम संचालन गर्नको लागी संस्थाले सर्वप्रथम स्थानिय समुदायहरुसँग छलफल गरेको थियो । स्थानिय समुदायहरुको सरसल्लाह अनुसार पायक पर्ने स्थानमा कार्यक्रम संचालन गर्नको लागी स्थान चयन गरिएको थियो । स्थानिय स्तरमा सहभागीहरुको व्यवस्थापन गर्न स्थानिय युवाहरुसँग सहकार्य गरिएको थियो । सहभागीहरुको छनौट गरि सके पश्चात विषयमा विज्ञ प्रशिक्षक मार्फत कक्षा संचालन गरिएको थियो । कक्षा संचालन प्रशिक्षकको सम्बन्धित विषयमा विज्ञलाई प्रशिक्षकको रुपमा व्यवस्थापन गरिएको थियो । प्रशिक्षकले फोटोकपी, व्हाइट बोर्ड, ब्राउन पेपर आदिको माध्यम मार्फत प्रशिक्षित गराएका थिए । खासगरी तालिममा कसरी वालवालिकाहरुलाई सरसफाईमा ध्यान दिने, के कस्तो प्राथमिक सरसफाई, सफाई तरिका बारेमा ज्ञान दिइएको थियो । वास्तवमा सरसफाई मानवका सबैभन्दा मुख्य वस्तु हो । यदी सरसफाई ध्यान दिन सकिएन भने जस्तो सुकै विद्धानहरु पनि विरामी पर्न सक्छ । उसले आफ्नो काम गर्न सक्दैन । साथै कुनै पनि आजको वालक भोलीको नतो, डाक्टर, विद्धान हुने हुनाले आजको शिशुहरुलाई कसरी स्याहार गर्दा उनीहरु स्वास्थ्य हुन्छन् । सो बारेमा आवश्यक ध्यान दिनुपर्ने कुराहरुको बारेमा सिकाइएको थियो ।

**उपलब्धिहरु**

लक्षित स्थानिय समुदायका बेरोजगारी महिलाहरु जो १० जनालाई तालिम मार्फत केही रुपमा भएता पनि क्षमता विकास भएको छ । उनीहरुले आफ्नो क्षेत्रमा तथा अन्य क्षेत्रहरुमा गएर भएता पनि सम्बन्धित विषयको बारेमा संचालनमा प्रशिक्षकको रुपमा तालिम दिन वा शिक्षकको रुपमा काम गर्न सक्छन् । यसैगरी अप्रत्यक्ष रुपमा उनीहरुले परिवारमा, समाजमा अन्य महिला युवाहरुलाई पनि तालिम दिएर थप अरुलाई क्षमताको विकास गर्न सक्नेछ । यसले स्थानिय सम्बन्धित निकायहरुमा थप सहयोग पुग्नेछ ।

**चुनौतीहरु**

अहिलेको समय वर्षाको समय भएको कारण कार्यक्रम व्यवस्थापन गर्न निकै नै अप्ठेरो परेको थियो । यसो हुनाको कारण ललितपुर जिल्ला विकास समितिले दिने कार्यक्रमहरु माघ महिना भित्रमा संझौता गरेको भए हतारमा काम गर्नुपर्ने थिएन । वर्षाको समय भएको र गाडी जान आउन पनि समस्या भएको कारण निकै नै व्यवस्थापन गर्न गाह्रो भएको थियो । यसको साथै निकै खर्च पनि भएको हुनाले दिएको रकमले व्यवस्थापन गर्नै गाह्रो भएको थियो ।

**सुझावहरु**

- जिल्ला विकास समितिको कार्यक्रमहरु आगामी दिनहरुमा कम्तिमा माघ महिनामा संझौता गर्ने किसिमले सम्पन्न गर्नु पर्ने ।
- स्थानिय समुदायहरुको समयलाई ख्याल गरेर कार्यक्रम समय तालिका तयार गर्नुपर्ने ।
- लक्षित समुदायहरुलाई उनीहरुको स्थानिय आवश्यकतालाई ध्यानमा राखेर कार्यक्रमहरु तयार गर्नुपर्ने ।
- यातायात, खाजा खर्चमा आर्थिक व्यवस्थापन गर्नुपर्ने तथा वृद्धि गर्नुपर्ने

**निष्कर्ष**

जिल्ला विकास समिति ललितपुरको आर्थिक सहयोगमा, आदिवासी जनजाति महिला युवा संजालको सहकार्यमा लक्षित समुदायमा गरिएको दिगो विकास क्लव र वाल विकासको बारेमा प्रशिक्षत गराउने स्थानीय बेरोजगारी महिलाहरुलाई लक्षित गरी संचालन गरिएको र उनीहरुले केही रुपमा भएता पनि क्षमता विकास भएको हुनाले यो कार्यक्रम सफल भएको थियो । यस तालिम पश्चात स्थानिय लक्षित समुदायहरुमा गुणात्मक रुपमा क्षमता तथा सिपमा परिबर्तन आउनेछ । यसलाई सकारात्मक रुपमा लिन सकिनेछ ।